का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २५९
- २७ कात्तिक २०७८, शनिबार
- 13 November 2021, Saturday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

# सर्वोच्चको संकटप्रति अन्तर्राष्ट्रिय चासो




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक ।

सर्वोच्च अदालतको गहिरिदो संकटप्रति अन्तर्राष्ट्रिय निकायले चासो जनाएको छ। शुक्रबार तीन अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले संयुक्त बक्तव्य जारी गरी सर्वोच्च अदालतको संकटबारे चासो राखेका हुन्। एमनेष्टी इन्टरनेशनल, कमिसन अफ जुरिस्ट्स् र ह्युमान राइट्स वाचले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरामाथि लागेको आरोपप्रति छानबिन गर्न माग गरेका छन्।

संयुक्त वक्तव्यमा न्यायालयको स्वतन्त्रता र अखण्डता जोखिममा पर्ने खतरा देखिएकाले प्रन्या जबरामाथि छानबिन गरिनुपर्ने बताएका छन्। "नेपालमा मानवअधिकार र विधिको शासन कायम राख्न सर्वोच्च अदालतको महत्वपूर्ण भूमिका छ। त्यसकारण यो संकट न्याय प्रणाालीका लागि चिन्ताजनक छ", ह्युमन राइट वाचकी दक्षिण एसिया निर्देशक मिनाक्षी गांगलीले भनेकी छन्। आईसीजेकी बरिष्ठ अन्तर्राष्ट्रिय कानुनी सल्लाहकार मन्दिरा शर्माले पनि संविधान बमोजिम प्रन्यामाथि लागेको आरोपको छानबिन गरिनुपर्ने बताएकी छन्। उनले भनेकी छन्, "न्याय प्रणालीमा जनआस्था र विश्वास पुनर्स्थापना गर्न संविधान बमोजिम प्रक्रिया अपनाएर प्रधानन्यायाधीशमाथि लगाइएका आरोपहरु शीघ्र र प्रभावकारी छानविन गरिनुपर्छ।"

छानबिनको मार्गबारे समेत बक्तव्यमा उल्लेख छ। संविधानको धारा १०१ ले महाअभियोग लगाएर प्रधानन्यायाधीश जबरामाथि छानबिन हुनसक्ने बक्तव्यमा

> सर्वोच्च अदालतको संकटप्रति अन्तर्राष्ट्रिय निकायले चासो दिएको छ । तीन अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले संयुक्त बक्तव्य जारी गर्दै प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराप्रति लागेको आरोपको छानबिन गर्न माग गरेका छन् ।

उल्लेख छ। सत्ता साझेदार दलहरु र विपक्षी नेकपा एमालेले समेत न्यायालयबारे कुनै ठोस् कदम नचालिहरको बेला यी अन्तर्राष्ट्रिय निकायले भने संसद् एक चौथाइ सांसदले महाअभियोग लगाउन सक्ने विकल्प प्रस्तुत गरेका छन्।

प्रधानन्यायाधीश जबराको राजीनामा माग्दै शुरु भएको आन्दोलन उत्कर्षमा पुगेका बेला सर्वोच्चको संकटबारे अन्तर्राष्ट्रिय चासो देखिएको हो। आन्दोलनकै क्रममा कानून व्यवसायीहरुले प्रधानन्यायाधीश जबरालाई 'भ्रष्टाचारी'को आरोप लगाएका छन्। बिहीबार र शुक्रबार सर्वोच्च परिसरमा कानून व्यवसायीहरुले भ्रष्टाचारीको आरोप सहित नारा जुलुस नै गरेका थिए।

तर प्रधानन्यायाधीश जबराले भने राजीनामा नगर्ने अडान कायमै राखेका छन्। सर्वोच्चमा प्रधानन्यायाधीश जबरालाई प्रवेशमै रोक लगाउनेसम्मको आन्दोलनमा कानून व्यवसायी पुगेका छन्। प्रधानन्यायाधीश जबराले कार्यकारी निकायसँग भागबण्डाको सौदाबाजीमा न्याय सम्पादनलाई साट्न पुगेको भन्दै राजीनामाको माग भइरहेको छ। गएको ७ कात्तिक देखि सर्वोच्चका न्यायाधीशहरुले इजलास बहिष्कार गर्दै आएका छन्।

प्रधानन्यायाधीश जबराले राजीनामा गर्नुपर्ने माग सहित न्यायाधीशहरुले बन्दीप्रत्यक्षीकरणको मुद्दामाथि नियमित सुनुवाई गरेका छैनन्। प्रधानन्यायाधीश जबराले इजलास तोकेपनि न्यायाधीशहरुले इजलास बहिष्कार गर्दै आएका छन्। नेपाल बार एशोसिएशनले १४ कात्तिक देखि आन्दोलन गरिरहेको छ।

## वैकल्पिक गेटबाट प्रवेश

काठमाडौं/मस- नेपाल बार एशोसिएशनको आन्दोलनको कार्यक्रम अन्तर्गत शुक्रबार मूलगेट छेकेपछि प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा वैकल्पिक गेटबाट सर्वोच्च अदालत प्रवेश गरे। बारले जारी राखेको आन्दोलनको कार्यक्रममा बिहीबार प्रहरीले हस्तक्षेप गरेपछि प्रधानन्यायाधीश जबरालाई अदालतमा प्रवेश गर्न नदिने चेतावनी दिएको थियो।

बारको आन्दोलन अन्तर्गत कानून व्यवसायीहरु कार्यालय समय अगाडि नै सर्वोच्चको गेट अगाडि पुगेका थिए। कानून व्यवसायीहरु अदालतभित्रै प्रवेश गर्ने भएपछि मूल गेट बन्द गरियो। मूल गेटबाट प्रवेश गर्ने अवस्था नरहेपछि प्रधानन्यायाधीश जबरा प्रहरीको स्कर्टिङ सहित वैकल्पिक गेट भएर अदालत प्रवेश गरे। तर शुक्रबार प्रधानन्यायाधीश जबराले इजलास तोकेनन्।

> कानून व्यवसायीहरुले मूलगेट छेकेपछि प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरा वैकल्पिक बाटो भएर सर्वोच्च अदालत प्रवेश गरे ।

कानून व्यवसायीहरुले भने आइतबार पनि प्रधानन्यायाधीश जबरालाई अदालत प्रवेशमा रोक लगाउने तयारी गरेको छ। बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठले आइतबार पनि धर्ना दिने बताए। सडकमा जान नचाहे पनि सर्वोच्च प्रशासनले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी गेट बन्द गरेका कारणले सडकमा जान बाध्य भएको श्रेष्ठले बताए।

बाँकी पृष्ठ २ मा

# निधि र सिंहको विद्रोह !

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक ।





> नेपाली काँग्रेसको संस्थापन इतर समूहका नेताहरुले साझा उम्मेदवार बनाउन नसकिरहेका बेला पूर्वमहामन्त्री प्रकाशमान सिंह यो समूहबाटै अलग हुने तयारी गरेका छन् ।

नेपाली काँग्रेसको संस्थापन इतर समूहका नेताहरुले साझा उम्मेद्वार तय गर्न शुक्रबार छलफल गरेका छन्। बरिष्ठ नेता रामचन्द्र पौडेलको संयोजनमा महामन्त्री डा.शशांक कोइराला, केन्द्रीय सदस्य शेखर कोइराला सहित नेताहरुबीच छलफल भएको थियो।

उक्त छलफलका क्रममा बरिष्ठ नेता पौडेलले आफूलाई एकपटक अवसर दिन आग्रह गरेका थिए। त्यो आग्रह पनि सर्त सहित हुने पौडेलको प्रस्ताव छ। नेता पौडेलले तीन तहको चुनाव पछि नेतृत्व छोड्न तयार हुने बताएका थिए।

तीन तह (स्थानीय, प्रदेश र संघ) को निर्वाचन पछि नेतृत्व छोड्ने पौडेलको प्रस्ताव छ। तीन तहको निर्वाचनमा काँग्रेसलाई पहिलो दल बनाएर छोड्ने पौडेलको प्रस्ताव थियो। तर पौडेलको प्रस्तावप्रति नेताहरुले कुनै जवाफ दिएनन्।

"अरु विषयमा नेताहरु बोल्नुभयो। तर रामचन्द्र दाइको प्रस्तावमा कसैले टिप्पणी गर्नुभएन", एक सहभागीले भने। २४ देखि २७ मंसिरसम्म निर्धारित काँग्रेसको १०औं महाधिवेशनमा यो समूहले साझा उम्मेद्वार तय गर्न सकेको छैन। बरु समस्या बढेर गएको छ।

यो समूहबाट सभापतिको दावी गरिरहेका पूर्व महामन्त्री प्रकाशनमान सिंह छलफलमै गएनन्। स्रोतका अनुसार, पौडेलसँग सिंह टाढिएका छन्। १३औं महाधिवेशनमै आफूदावेदार भएपनि एकपटकलाई भनेर पौडेललाई नेता मानेको उनको तर्क छ। सिंह १२ औं महाधिवेशनबाट निर्वाचित महामन्त्री हुन्। तर त्यसबेला मनोनित उपसभापति पौडेलले कार्यबाहक सभापति हुँदै १३औं महाधिवेशनमा सभापतिमा उम्मेद्वारी दिएका थिए।

तर शेरबहादुर देउवासँग पराजित भए। यसपटक भने पौडेललाई सिंहले मात्रै नभएर महामन्त्री कोइरालाले पनि नछोड्ने अडान लिएका छन्। सँगै, शेखर कोइरालाले पनि यसपटक आफूलाई छोड्न आग्रह गरिरहेका छन्।

संस्थापन इतर जस्तै सभापति शेरबहादुर देउवा पनि आफ्नो समूहको एक्लो उम्मेद्वार बन्न सकिरहेका छैनन्। बिहीबार बालुवाटारमा सभापति एवम् प्रधानमन्त्री देउवाले नेतृत्वको उम्मेद्वारी टुंग्याउनेबारे छलफल बोलाएका थिए। तर उपसभापति विमलेन्द्र निधिले यसपटक आफू सभापतिको उम्मेद्वार भएको अडान लिए।

देउवाले सहयोग गर्न आग्रह गरेपनि निधिले १३औं महाधिवेशनमै अवसर दिइसकेको जवाफ दिएका थिए। "तपाइँलाई ज्योतिषले प्रधानमन्त्री पो सात पटक हुनुहुन्छ भनेको हो। सभापति त होइन नि", निधिको प्रस्ताव थियो। तर पार्टीलाई एकपटक पहिलो दल बनाउनलाई नेतृत्वमा दोहोरिने प्रस्ताव गरे। देउवा निकट अन्य नेताहरुले भने साथ दिने जनाएका छन्।

# आकांक्षी संख्याले समस्या

प्रमुख विपक्षी दल नेकपा एमालेमा आकांक्षी संख्या अधिक भएकाले प्रतिनिधि छनोटमा समस्या देखिएको छ । बिहीबारबाटै प्रतिनिधि चयन प्रक्रिया शुरु भएपनि शुक्रबारसम्म एकाध जिल्लामा मात्रै प्रतिनिधि चयन भए ।



*१०औं महाधिवेशनको लोगो र नारा सार्वजनिक गर्दै महासचिव ईश्वर पोखरेल र सचिव योगेश भट्टराई । तस्वीरः चन्द्रकला क्षेत्री*



> प्रतिश्पर्धा मात्रै होइन । अझ उन्नत स्तरको समझदारी र सहमति लोकतन्त्रको उच्च स्तरीय अभ्यास हो ।
>
> **केपी शर्मा ओली**
> *अध्यक्ष, नेकपा एमाले*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २६ कात्तिक ।

प्रमुख विपक्षी दल नेकपा एमालेले १०औं राष्ट्रिय महाधिवेशन चयन प्रक्रिया आज टुंग्याउँदैछ। मंसिर १० देखि १२ गतेसम्म हुने महाधिवेशनका लागि आज महाधिवेशन प्रतिनिधि चयन गर्न निर्देशन दिइएको छ। महाधिवेशन चयन प्रक्रिया बिहीबारबाटै शुरु भएको छ।

तर आकांक्षी संख्या धेरै भएकाले प्रतिनिधि चयनमा समस्या देखिएको छ। "६ जना चयन हुने क्षेत्रमा ३६ जना बढी आकांक्षी भएपछि प्रतिनिधि चयन समस्या हुने नै भयो", एक नेताले भने। तर केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङले भने सर्वैतिरै सर्वसहमत प्रतिनिधि चयनको प्रयास भइरहेको जनाएका छन्। "केही कठिन होला। तर सवैतिर सहमतिमै महाधिवेशन प्रतिनिधि चयन हुनेछ", उनले भने।

शुक्रबार साँझ अध्यक्ष केपी शर्मा ओलीले भिडियो सन्देश जारी गरेर पनि सहमतिको आधारमा प्रतिनिधि चयन गर्न आग्रह गरेका छन्। उच्च तहको समझदारीले पार्टीभित्रको लोकतन्त्र बलियो हुने भन्दै ओलीले सकेसम्म निर्वाचन प्रक्रियामा नजाने आग्रह गरेका छन्। निर्वाचनमार्फत् प्रतिनिधि चयन नगर्न नभनेपनि ओलीले अधिकतम समझदारीको खाँचो औल्याएका छन्।

दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकता विरुद्ध पार्टीलाई सशक्त बनाउन पनि अधितमक समझदारीको खाँचो रहेको ओलीको भनाइ छ। "प्रतिश्पर्धा मात्रै होइन। अझ उन्नत स्तरको समझदारी र सहमति लोकतन्त्रको उच्च स्तरीय अभ्यास हो", ओलीले भनेका छन्। तर शुक्रबार साँझसम्मको अवस्था भने देशभर महाधिवेशन प्रतिनिधि चयनमा सकसपूर्ण अवस्था रहेको देखिएको छ।

दोलखा, मकवानपुर र रसुवामा मात्रै सर्वसहमत प्रतिनिधि चयन भएका छन्। बाँकी जिल्लाहरुमा सहमतिको प्रयास भएपनि टुंग्याउन कठिन परिरहेका नेताहरुले बताएका छन्। भूगोल, जनसंगठन, विभाग, केन्द्रीय कार्यालय, प्रवेश लगायतबाट १९९९ प्रतिनिधि चयन हुँदैछ। यसमा प्रतिशत पार्टीले मनोनित गर्नेछ। यसैबीच दशौं राष्ट्रिय महाधिवेशनमा

बाँकी पृष्ठ २ मा

# सामाजिक सन्जालको सूचनाले भ्रम पारेको दूतावासको प्रष्टीकरण

**रामप्रसाद सुवेदी संगम/मध्यान्ह**
मलेसिया, २६ कात्तिक

मलेसियास्थित नेपाली दूतावासले मलेसियाको रोजगारी खुलेको भन्ने सामाजिक सञ्जालका सूचनामा विश्वास नगर्न आग्रह गरेको छ। रोजगारीका लागि मलेसियामा जान भिसा अवधि बाँकी रहेका कामदारका लागि मात्र खुला भएपछि त्यसैलाई आधार बनाएर 'वैदेशिक रोजगारीका लागि मलेसिया खुल्यो' भन्दै प्रचार भइरहेको छ।

दूतावासको शुक्रबारको साप्ताहिक फेसबुक कार्यक्रममा सबैजसोले सोही विषयमा जिज्ञासा राखेका थिए। जवाफमा श्रम सहचारी प्रकाश पन्थीले मलेसियामा नयाँ मागपत्र प्रमाणीकरण सुचारु नभएको भन्दै सामाजिक सञ्जालले दिएका सुचना र समाचारलाई विश्वास नगरी दूतावासको आधिकारिक सूचना पर्खिन आग्रह गरे।

कोरोना भाइरस महामारीका कारण मलेसियाले नेपालीसहित विदेशी कामदारको प्रवेशमा लगाएको प्रतिबन्ध हटाइएको बताएपछि लामो समयदेखि




बन्द रहेको मलेसियाको रोजगारी खुला भएको आंकलन गरिएको थियो। कतिपयले आगामी जनवरीदेखि नयाँ डिमाण्ड आउने बताउने गरेका छन्। तर मलेसियास्थित नेपाली दूतावासले नयाँ कामदारको माग आउने बारे मलेसियाको सरकारी संयन्त्रबाट हालसम्म केही जानकारी नदिइएको भन्दै त्यसबारे तत्काल केही भन्न नसकिने बताएको छ।

दूतावासले यसअघि नै नयाँ मागपत्र प्रमाणीकरणको प्रक्रिया शुरू भए तत्कालैदेखि वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मार्फत वैदेशिक रोजगार व्यवसायीहरूलाई जानकारी दिइने बताएको छ।

नेपाली कामदारको प्रमुख गन्तव्य मुलुक रहँदै आएको मलेसियामा हाल एक लाख ८० हजारको हाराहारीमा नेपाली कामदार कार्यरत रहेका छन्। मागपत्र प्रमाणीकरण शुरू भएमा पहिलो वर्ष ठूलो संख्यामा कामदार जाने अपेक्षा गरिएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन्।

यसैबीच मलेसियाको मानव संशाधन मन्त्रालयले सामाजिक सुरक्षा संगठन (सोक्सो)लाई कामदारहरूको योगदानको भुक्तानी नदिने रोजगारदाताहरूका बारेमा छानविनका लागि आदेश दिएको छ। मलेसियाली मानव संशाधन मन्त्री एम. सरावननले सोक्सोलाई छिट्टै समस्या समाधान गर्ने गरी जाँच गर्न आदेश दिएको बताएका छन्।

मलेसियामा २ हजार पाँच सयभन्दा बढी रोजगारदाताहरुले श्रमिकहरुको योगदानबापतको भुक्तानी नदिएको अनुमान छ। मन्त्री सरावननले भुक्तानी नदिने रोजगारदाताहरूलाई आर्थिक जरिवाना नभई अधिकतम जेल सजाय हुनुपर्ने माग गरेका छन्।

# ‘पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता हुँदैन’



**काठमाडौं/मस–** नेपाल आयल निगमका प्रवक्ता विनितमणि उपाध्यायले निगमले पछिल्लो समय गरेको पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि फिर्ता नहुने बताएका छन् । उनले अहिलेको अवस्थामा मूल्यवृद्धि फिर्ता लिन नसकिने बताएका हुन् । शुक्रबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै प्रवक्ता उपाध्यायले पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरिनु निगमको बाध्यता भएको भन्दै यो फिर्ता नहुने बताएका हुन् । उनले भने,‘समायोजना भन्नुहोस वा अरु केही भन्नुहोस, तर यो मूल्यवृद्धि भएकै हो । समायोजन त निगमको बाध्यता हो । अहिलेको अवस्थामा यो फिर्ता हुँदैन् ।’

उनले पछिल्लो चार/पाँच वर्षको मूल्य हेर्दा पेट्रोलियम पदार्थको मात्रै मूल्यवृद्धि बढेको हो र ? भन्दै प्रश्न उठाएका छन् उनले मूल्यवृद्धि नगर्दा निगमलाई अरबौं घाटा हुने भएकोले बाध्य भएर मूल्यवृद्धि गरिएको स्पष्ट पारे । उपाध्याय पोडियममा बोल्दै गर्दा नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका महासचिव सरोज सिटौलाले मूल्यवृद्धि फिर्ता हुन्छ कि हुँदैन् ? ठ्याक्कै भन्नुहोस भनेर सोधेका थिए । सिटौला आक्रामक रुपमा प्रस्तुत भएपछि उपाध्यायले लोकतन्त्रमा सबैको बोल्ने अधिकार हुन्छ भन्दै सिटौला बोल्दै गर्दा आफूले धैर्यतापूवर्क सुनेको भन्दै अब आफ्नो बोल्ने पालोमा पनि शान्त भईदिन आग्रह गरेका थिए ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले अहिले जनता अत्यन्तै ठूलो मारमा परेको गुनासो पोखेका छन् । पटक पटकको मूल्यवृद्धिका कारण जनताको चुल्हो निभ्ने खतरा देखिएको उनको गुनासो छ । निगमले भारतीय बजारमा नेपाली बजार भन्दा महँगो पर्‍यो भनेकोबारे पनि उनले कडा आपत्ति जनाए । उनले निगमले तीन करोड नेपालीलाइ हैरान पार्ने काम गरेको आरोप लगाए । निगमलाई उनले जनतालाई हदैसम्म बेकुफ बनाउने काम नगर्न पनि चेतावनी दिएका छन् ।

नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका महासचिव सरोज सिटौलाले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता नलिए देशभरिका सार्वजनिक यातायात बन्द गर्ने चेतावनी दिएका छन् । उनले सरकारलाई पेट्रोलियम पदार्थको मूल्यवृद्धि अविलम्ब फिर्ता लिन आग्रह गरेका छन् ।

उनले भने,‘कार्तिक १२ गते पेट्रोलियम मूल्यवृद्धि भयो । फेरि १५ दिन नपुग्दै कार्तिक २४ गते मूल्यवृद्धि भयो । हामीमाथि ठूलो अन्याय भएको छ । नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघ अब सडकमा आयो । अब गाडी चल्न सक्दैन् । मूल्यवृद्धि अविलम्ब फिर्ता हुनुपर्छ । हामी पनि अब कठोर निर्णय गर्छौं । आयल निगमले गरेको मूल्यवृद्धि फिर्ता हुनुपर्छ । फिर्ता भएन भने हामी भाडा बढाउन बाध्य हुन्छौं । गाडी पानीले चल्दैन् । उपभोक्ताका नेताहरु, हामी अब चुप लागेर बस्दैनौं । आयल निगमको जिएमको मात्रै दोष लगाएर हुँदैन् ।’ उनले नेपालका दलले नै आयल निगमलाई चलाएको आरोप लगाए ।

सत्तारूढ दल नेपाली कांग्रेसको भातृ संगठन नेपाल विद्यार्थी संघका महामन्त्री बलदेव तिमल्सिनाले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता नभएसम्म आफूहरको आन्दोलन जारी रहने बताए ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) निकट विद्यार्थी संगठन अनेरास्ववियुका महासचिव समिक बडालले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ताको लागि आफ्नो संगठन सडक संघर्षमा आइसकेको बताउँदै मूल्यवृद्धि फिर्ता नभएसम्म आन्दोलन जारी रहने र आफुहरुले आवाज उठाइरहने स्पष्ट पारेका छन् । सत्तारुढ दल नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी) की अध्यक्ष पञ्चा सिंहले आफ्नो संगठन स्थापना कालदेखि नै न्याय र सत्ताको पक्षमा उभिँदै आएको भन्दै निगमले गरेको मूल्यवृद्धि तत्काल फिर्ता लिनुपर्ने बताइन् ।

उनले अहिले आफ्नो पार्टीका मन्त्रीहरुको कुर्सी जान्छ भने पनि आफूहरुलाई त्यो सरोकार नभएको भन्दै मूल्यवृद्धि फिर्ता नभएसम्म आन्दोलन जारी राखिने चेतावनी दिइन् ।

माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) पार्टीनिकट विद्यार्थी संगठन अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले आयल निगमका प्रवन्ध निर्देशक सुरेन्द्र पौडेललाई तत्काल बर्खास्त गर्न सरकारसमक्ष आग्रह गरेका छन् । उनले भने,‘हाम्रो संगठन भनेको आयल निगमलाई झुकाउने संगठन हौं । आफ्नै पार्टीको सरकारमा हुँदापनि मूल्यवृद्धि घटाएको ईतिहास छ । सुरेन्द्र पौडेल कुन बेलामा नियुक्त हुनुभयो ? उहाँले भ्रष्टाचार गर्नको निम्ति मूल्यवृद्धि गर्नुभएको छ । अहिलेको गठबन्धनलाई असफल बनाउनको लागि पौडेलले मूल्यवृद्धि गरेको हो, उहाँलाई तुरुन्त बर्खास्त गरियोस ।’उनले अहिले आपूर्ति मन्त्रालय प्रधानमन्त्री शेरबहादुर देउवाले नै हेरिरहेको उल्लेख गर्दै अहिले पेट्रोलियम पदार्थमा जनताको ढाड सेक्नेगरी गरिएको मूल्यवृति अविलम्ब फिर्ता लिनेगरि कदम चाल्न पनि आग्रह गरेका छन् ।

# हत्या आरोपी पुर्पक्षका लागि कारागार चलान

**दिलु नेपाल/मध्यान्ह**
चितवन, २६ कात्तिक



भरतपुर महानगरपालिका-४ का भीमबहादुर विश्वकर्माको हत्या आरोपी दुई जना पुर्पक्षका लागि कारागार चलान भएका छन् । जिल्ला अदालत चितवनले थुनछेक बहसका क्रममा उनीहरुलाई शुक्रबार कारागार चलान गरेको हो ।

जिल्ला अदालत चितवनका स्रेस्तेदार ईश्वर आचार्यका अनुसार विकको हत्यामा संलग्न भएका सीताराम बस्नेत र दिलीप श्रेष्ठलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाएको हो ।

न्यायाधीश गायत्रीप्रसाद रेग्मीको इजलासले उनीहरुलाई थप अनुसन्धान गर्नुपर्ने भन्दै पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो ।

उनीहरुलाई भीमबहादुरको हत्या असोज २८ गते भएको कुटपिट गरी हत्या गरेको आरोप थियो । भरतपुर-४ दुर्गाचोक नजिक दुर्गा मन्दिरअगाडि कुटपिटपछि उनको उपचारका क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको थियो । अन्ठाउन्न वर्षीय विश्वकर्मा हत्या प्रकरणमा पक्राउ परेका बस्नेत र श्रेष्ठलाई आवेश प्रेरित ज्यान मुद्दा दर्ता भएको थियो ।

आचार्यका अनुसार उनीहरुलाई मुलुकी अपराधसंहिता, २०७४ को दफा १८९ को उपदफा १ को ग कसुरको अपराधमा १५ वर्ष कैद र रु एक लाख जरिवाना माग दाबी गरिएको थियो । आरोपीलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाए पनि विकको शव अझै उठ्न सकेको छैन । दलित अभियानकर्मीहरूले जातीयताका आधारमा हत्या भएको भन्दै आन्दोलन गरिरहेका छन् ।

# सशस्त्रको विपद् व्यवस्थापन शिक्षालयलाई ‘जीवनरक्षक सम्मान’




**काठमाडौं/मस–** चितवनको कुरिनटारमा रहेको सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालयलाई ‘विपद् व्यवस्थापन जीवनरक्षक सम्मान’ प्रदान गरिएको छ । प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपीनेपाल)द्वारा काठमाडौंमा शुक्रबार आयोजित एक समारोहबीच शिक्षालयका प्रमुख कालिदास धौबजीले उक्त सम्मानपत्र ग्रहण गरे । कुरिनटार शिक्षालयका तालिमप्राप्त सशस्त्र प्रहरीले विभिन्न क्षेत्रमा विपद्का बेला ज्यानको बाजी थापेर नागरिकको उद्धारमा महत्वपूर्ण योगदान पुर्‍याएकाले सम्मान गरिएको आयोजकले जनाएको छ ।

डिपी नेपालको तेह्रौं वार्षिकोत्सव समारोहमा शिक्षालयसहित सामुदायिक विकास तथा पैरवी मञ्च महोत्तरीका अध्यक्ष नागदेव यादवलाई ‘विपद् व्यवस्थापन विशिष्ट सम्मान’ तथा नाष्टका पूर्वउपकुलपति प्राडा जीवराज पोखरेललाई ‘विपद् व्यवस्थापन प्रविधि सम्मान’ प्रदान गरिएको थियो ।

समारोहमा राष्ट्रिय जोजना आयोगका सदस्य सलोनी प्रधान सिंहले प्राकृतिसँगै मानव सिर्जित विपद् बेहोर्दै आएको नेपालमा त्यसको जोखिम न्यूनीकरणका लागि सामुहिक सहकार्यको खाँचो रहेको औंल्याए । उनले नेपालमा अध्ययन अनुसन्धान गरेर अनुभवको आधारमा पूर्वतयारी गर्न सकिए मात्रै विपद् व्यवस्थापनका कार्यक्रम प्रभावकारी हुने उल्लेख गरे ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण राज्य एक्लैले गर्न नसक्ने हुँदा निजी क्षेत्रसमेतको सहकार्य जरुरी रहेको औंल्याए । उनले यसका लागि विवेकपूर्ण लगानीको आवश्यकता माथि जोड दिए ।

गैरसरकारी संस्था महासंघ नेपालका उपमहासचिव अर्जुन भट्टराईले विपद् व्यवस्थापन कार्यक्रमलाई स्थानीय निकायले प्राथमिकतामा नराखेसम्म जोखिम कम गर्न नसकिने दावी गर्दै त्यसतर्फ सचेतना जगाउनुपर्नेमा जोड दिए ।

डिपी नेपालका निवर्तमान अध्यक्ष रामचन्द्र न्यौपानेले विकासका कार्यक्रमको मुल प्रवाहिकरणमा विपद्लाई राख्न सके जोखिम कम गर्न सकिने बताए । डिपी नेपालका अध्यक्ष सूर्यबहादुर थापाले विपद् जोखिम न्यूनीकरण आम नागरिकको सरोकारको विषय भएकाले नीजि क्षेत्रलाई सहभागिता गराउनुपर्नेमा जोड दिँदै संस्थाले सहकार्यको प्रयास शुरु गरेको जानकारी दिए ।

# नवनियुक्त कर्णाली प्रदेश प्रमुख परियारद्वारा पदभार ग्रहण



**कर्णाली/मस–**कर्णाली प्रदेशका नवनियुक्त प्रदेश प्रमुख तिलक परियारले पदभार ग्रहण गरेका छन् । पदबहाली गर्नुभएका प्रदेश प्रमुख परियारलाई कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाही, सभामुख राजबहादुर शाही, प्रमुख सचिव राजकुमार शर्मा, सचिव तथा सुरक्षा निकायका प्रमुखले स्वागत गरे । उक्त स्वागत कार्यक्रममा प्रदेश प्रमुख परियारले संविधानले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारप्रति दृढ रहेर सेवा दिने प्रतिबद्धता व्यक्त गरे ।

‘कर्णालीवासी र यहाँको सम्पूर्ण विकासको सवालमा म निष्पक्ष र ईमान्दारिताका साथ काम गर्नेछु र त्यसमा यहाँको साथ सहयोग रहनेछ’, उनले भने, ‘यहाँहरूबीच आएका काम गर्ने अवसर पाउँदा मलाइ खुशी र गौरव लागेको छ ।’ इतिहासले कर्णालीवासीका लागि काम गर्ने अवसर दिएको उनको भनाइ थियो ।

नेपाल सरकारको यही कात्तिक २३ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले कर्णाली प्रदेशको प्रमुख तिलक परियारसहित १ नम्बर प्रदेशको प्रमुखमा परशुराम खापुङ र सुदूरपश्चिम प्रदेशको प्रमुखमा देवराज जोशीलाई नियुक्त गरेकी थिइन् । नवनियुक्त तीनवटै प्रदेशका प्रमुखले कात्तिक २५ गते राष्ट्रपति भण्डारीबाट पद तथा गोपनियताको सपथ लिएका थिए ।

# लागूऔषधसहित दुई पक्राउ



**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २६ कात्तिक

रौतहटबाट प्रहरीले ठूलो परिमाण लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले ट्रकमा लुकाएर ल्याइएको गाँजासहित दुई जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा मकवानपुर थाहा नगरपालिका वडा नं. १२ का २५ वर्षीय ट्रक चालक सुरेन्द्र गोले र १९ वर्षीय रित्तम तामाङ रहेका छन् । उनीहरुलाई गौर नगरपालिका वडा नं.४ गढवा टोलस्थित शिवाङगी पेट्रोलपम्म अगाडी गौर-चपुर सडक खण्डमा रोकी राखेको ना.६ ख-५९४३ नं.को आइचर ट्रक चेकजाँचका क्रममा लागू औषधसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले चेकजाँचका क्रममा ट्रकको चेचिसको भागमा फल्स बटम बनाई प्लाष्टिकले वेरेको १२ पोका १८६ किलो गाँजा बरामद गरेको छ । पक्राउ परेका गाले र तामाङको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# निगमका पूर्वअध्यक्षको निधनको कारण शारीरिक दुर्वलता

**काठमाडौं/मस–**नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष रामाज्ञाप्रसाद चतुर्वेदीको मृत्यु आत्महत्या नभई शारीरिक दुर्वलताका कारण भएको पाइएको छ ।

चतुर्वेदीले आत्महत्या गरेको भनी आएको समाचारको खण्डन गर्दै उनको परिवारले शुक्रबार पत्रकार सम्मेलन गरी निर्माणाधीन होटलको सात तले भवनको चार तल्लाबाट रिंगटा लागेर अचेत भइ डलेर निधन भएको स्पष्ट पारेको हो ।

असोज २१ गते घटस्थापनाका दिन ७४ वर्षीय चतुर्वेदीको काठमाडौं महानगरपालिका-७ चावहिलस्थित निर्माणाधीन होटलमा उक्त घटना भएको थियो । रामाज्ञाप्रसादको आत्महत्या भनेर मिडियामा आएपछि परिवारले उनको मृत्यु आत्महत्याबाट नभई शारीरिक कारण भएको जनाएको हो । गौतम अग्रवालको निर्माणाधीन होटलको चौथो तलाबाट रामाज्ञाप्रसाद ढलेर सडक शव भेटिएको थियो । त्रिविशिक्षण अस्पताल महाराजगञ्जमा ‘पोष्ट मार्टम’ गर्दा पनि आत्महत्या नदेखिएको स्व चतुर्वेदीकी श्रीमती आशा चतुर्वेदीले बताइन् । ‘चतुर्वेदीको निधनबारे विभिन्न सञ्चार माध्यममा परिवारका सदस्यलाई नसोधी एकतर्फीरुपमा आत्महत्या हुनसक्ने भन्ने खालको भ्रामक समाचारले हामी परिवारका सदस्य झन् विक्षिप्त र मर्माहत भएका छौं’, उनले भनिन् ।

# निमोनियाबाट प्रनाउ तिम्सिनाको निधन



सप्तरी/मस-इलाका प्रहरी कार्यलय कञ्चनरुपमा कार्यरत प्रहरी नायब उपरीक्षक (डिएसपी) लोकनाथ तिम्सिनाको निमोनियाबाट निधन भएको छ । नेपाल प्रहरी अस्पताल महाराजगञ्ज काठमाडौंमा उपचारका क्रममा उनको शुक्रबार विहान निधन भएको जिप्रका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिएका छन् ।

दसैंअघि बिरामी भएका प्रनाउ तिम्सिनालाई धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारार्थ भर्ना गरिएको थियो । यसपछि धरानबाट नोबेल अस्पताल विराटनगरमा उपचारार्थ भर्ना भएका उनको अवस्था गम्भीर भएपछि हेलिकोप्टर मार्फत प्रहरी अस्पताल पुर्‍याइएको थियो ।

## वैकल्पिक...

बारका महासचिव लिलामणि पौडेलले भने प्रधानन्यायाधीश जबराले भिजिलान्ते प्रयोग गरेर आन्दोलन दबाउन लागेको आरोप लगाए । प्रधानन्यायाधीश जबरालाई भ्रष्टाचारीको आरोप लगाउँदै आन्दोलनरत कानून व्यावसायीहरुको आन्दोलन भाँड्ने प्रयास भइरहेको पनि उनले बताए । न्यायिक मर्यादा र विश्वास जोगाउन नसकेको भन्दै बारले प्रधानन्यायाधीश जबराको राजीनामा मागेका छन् ।

२२ असोजमा मन्त्रिपरिषद् बिस्तार हुँदा गैरसांसद गर्जेन्द्रबहादुर हमाललाई प्रधानमन्त्री शेरबहादुर देउवाले उद्योग मन्त्री नियुक्त गरेका थिए । प्रधानन्यायाधीश जबराका नातेदार हमाललाई मन्त्री नियुक्त गरिएपछि कानून व्यावसायीहरुको आन्दोलन चर्किएको छ । हमालले भने २४ असोजमै मन्त्रीबाट राजीनामा दिएका थिए । तर प्रधानन्यायाधीश जबराको राजीनामा माग्दै आन्दोलनरत कानून व्यवसायी र इजलास बहिष्कार गरिरहेका न्यायाधीशहरुको कारण न्यायिक सम्पादन अवरुद्ध हुँदै आएको छ ।

## आकांक्षी...

प्रयोग हुने लोगो शुक्रबार सार्वजनिक भएको छ । च्यासलस्थित तुलसीलाल स्मृति भवनमा महासचिव ईश्वर पोखरेलले लोगो सार्वजनिक गरेका हुन् । यसपटक एमालेले एकसिंगे गैडाको मस्कटले कम्युनिष्ट पार्टीको झण्डा उचालेको छ । त्यस छेऊमा सूर्य राखिएको छ ।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **हिमालयन ट्रिजर्स क्राफ्ट प्रा.लि. (दर्ता नं. ११९९४२/०७०/०७१)** को मिति २०७८/०७/१० गते बसेको विशेष साधारण सभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा सप्रमाण यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्विडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दाबी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्विडेटरः तेजप्रसाद खराल**
**इजाजतपत्र नं. ४१५,फोन नं. ९८५१०१९५२८**
**ईमेल** : semantamani@gmail.com

## कम्पनीको नाम र ठेगाना परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/०७/२७**

यस कम्पनीको मिति २०७३/११/१९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविकको कम्पनीको नाम **देवयोगीस आई.टी.सोलुसन प्रा.लि. का.म.न.पा.–३५, काठमाडौं**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७३/१२/०६ को निर्णयानुसार कम्पनीको नाम र ठेगाना परिवर्तन गरि **इन्फोएज टेक्नोलोजिज प्रा.लि. (प्रा.लि. नं १३९७८९), टोखा, न.पा-१३** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

## कतार र साउदीमा रोजगार

१. कम्पनी : PROGRESSIVE CATERING SERVICES शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१० चलानी नं.: ६०१६२१५७ LT. No.: 244332 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 9 | 0 | स. काममा दक्ष | 1200 | ३८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : BIN QUARAYA HOLDING CO शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०७८/०६/११ चलानी नं.: ६०१६४०४२ LT. No.: 246905 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Laborers | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ३ गते (19 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ निःशुल्क क.नं. २ रु. १०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १०७८/०७३/०७४

## स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.

सुकेधारा-४, काठमाडौं, (साविकः रातोपुल), नेपाल
फोन नं.: ०१-५९०२३४६, ५९०२३४४, पो. ब. नं.: १९१२२
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

# फाइजर खोप ९५ प्रतिशत प्रभावकारी

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोरोना भाइरस विरुद्धको खोप 'फाइजर'को प्रभावकारिता ९५ प्रतिशत देखिएकाले ढुक्क भएर लगाउन आग्रह गरेको छ। स्वास्थ्य सेवा विभागले शुक्रबार यहाँ आयोजना गरेको फाइजर खोपको अभियानबारे जानकारी गराउँदै मन्त्रालयका प्रवक्ता डा.कृष्णप्रसाद पौडेलले फाइजर खोपको प्रभावकारिता ९५ प्रतिशत देखिएकाले खोप लगाउन आग्रह गरे।

फाइजर खोपको अभियान यही कात्तिक २८ देखि मङ्सिर ४ गतेसम्म पहिलो मात्रा र दोस्रो मात्रा मङ्सिर २७ देखि पुस २ गतेसम्म सञ्चालन हुँदै छ। खोप १२ वर्षभन्दा माथिका दीर्घ रोगीलाई देशभरिका २४ वटा अस्पतालबाट प्रदान गरिनेछ। विभागका महानिर्देशक डा.दीपेन्द्ररमण सिंहले दीर्घ रोगीलाई खोप लगाइसकेपछि बालबालिका लगाइने जानकारी दिए।

उनका अनुसार बालबालिका लागि फाइजर खोप लगाउनका लागि ६० लाख मात्रा खरिद गरिने छ। उनले पुसमा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिका लागि फाइजर खोप प्रदान गरिने बताए। नेपाललाई अमेरिकाले एक लाख ६२० मात्रा फाइरज खोप उपलब्ध गराएको थियो।

बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख सागर




दाहालले अन्य खोपभन्दा फाइजर खोप फरक रहेको बताउनुभयो। फाइजर खोप बाक्लो झोलको रूपमा हुने र खोप लगाउनुभन्दा पहिला घोल्नु पर्दछ। फाइजर खोप नेपालसहित १३२ देशमा प्रयोग गरिएको छ। उनले १३२ देशले कोरोना विरुद्धको खोपमा फाइजर लगाएकाले सुरक्षित र प्रभावकारी देखिएको बताए।

उनका अनुसार खोप लगाउँदा सुरुसुरुमा ज्वरो आउने, जाडो हुने, टाउको दुख्ने, जोर्नी दुख्ने, खान मन नलाग्ने, थकाई लाग्ने, वाकवाकीजस्ता समस्या देखिए पनि दुई तीन दिनमा सिटामोल खाएपछि सञ्चो हुनेछ। खोप लगाउन जाँदा दीर्घ रोगीले अस्पताल वा चिकित्सकले जारी गरेको दीर्घ रोगको उपचारसम्बन्धि पुर्जा लिएर जान भनिएको छ।

यसैबीच देशभर शुक्रबार नेपालमा थप ३९७ जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो समय ११ हजार ६६ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो।

यससँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या आठ लाख १६ हजार ४१५ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको संख्या ९५ हजार ३७ जना रहेको छ। शुक्रबार ३८९ जना निको भएका छन्। यससँगै निको हुनेको संख्या सात लाख ९७ हजार ४४८ पुगेको छ। निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ४६९ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप तीन जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ। अहिले यस रोगबाट हुने मृत्युदर १.४ प्रतिशत छ। त्यसैगरी पछिल्लो समय ९३ हजार ६९५ ले खोप लगाएको मन्त्रालयले जानकारी दिएको छ। हाल सक्रिय संक्रमितको संख्या सात हजार ४९८ रहेको छ। अहिले होम आइसोलेशनमा ६ हजार ९४५, संस्थागत आइसोलेशनमा ५५३, आइसीयुमा १९० र भेन्टिलेटरमा ५७ जनाले उपचार गराइरहेका छन्।

# दुई दर्जन उच्च क्षमताका प्रसारण लाइन निर्माण हुँदै

**काठमाडौं/मस**– ऊर्जाको बढ्दो मागलाई सम्बोधन गर्ने लक्ष्यका साथ सरकारले उच्च क्षमताका प्रसारण लाइन निर्माणलाई विशेष प्राथमिकतामा राखेर प्रक्रिया अगाडि बढाएको छ। नेपाल विद्युत प्राधिकरणले १३२ केभी क्षमताको प्रसारण लाइनलाई वितरण लाइन बनाउने घोषणा गरिसकेकाले उच्च क्षमताका प्रसारण लाइन अत्यावश्यक बन्न पुगेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २३ वटा ४०० केभी क्षमताका प्रसारण लाइन अध्ययनको विभिन्न चरणमा रहेको जानकारी दिएको छ। नेपाल र भारतबीच विद्युत आदान प्रदानका लागि अन्तरदेशीय प्रसारण लाइनदेखि देशभित्रै उत्तर दक्षिण करिडोर जोड्ने गरी विभिन्न आयोजना अगाडि बढाइएको छ।

त्यस्तै, पूर्वदेखि पश्चिमसम्म बिजुली आदान प्रदानका लागि पनि उच्च क्षमताका आयोजना निर्माणका लागि आवश्यक तयारी गरिएको मन्त्रालयको भनाइ छ। मन्त्रालय मातहतको विद्युत विकास विभागमा ४०० केभी क्षमतामा प्रसारण लाइन निर्माणका लागि परेको आवेदन हेर्दा पनि एउटा सकारात्मक सन्देश दिएको छ। प्राधिकरण, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी र निजी क्षेत्रले पनि ठूला क्षमताका प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव गरेका छन् प्रसारण ग्रीड कम्पनीले इन्डो नेपाल बोर्डर ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणको अध्ययन गरिरहेको छ। कैलालीको नेपाल-भारत सीमा क्षेत्रमा कूल २७ किलोमिटर लामो उक्त प्रसारण लाइन निर्माण हुनेछ। सो प्रसारण लाइनले दुई हजार ५०० मेगावाट बराबरको बिजुली प्रसारण गर्नेछ।

यस्तै, अरुण करिडोरमा सोही कम्पनीले ३५ किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि अध्ययन गरिरहेको छ। सो प्रसारण लाइनले दुई हजार २६० मेगावाट बिजुली प्रसारण गर्नेछ। सरकारी स्वामित्वको सो कम्पनीले भेरी करिडोरमा नलगाड-मैनताडा ७५ किलोमिटर लामो प्रसारण लाइन निर्माणका लागि अध्ययन गरिरहेको छ। सो प्रसारण लाइनले दुई हजार ४०० मेगावाट बिजुली प्रवाह गर्दछ। छिन्चुदेखि बुटवलसम्म कुल २१६ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन एससी पावर कम्पनीले अध्ययन गरिरहेको छ। सो प्रसारण लाइनले ८६० मेगावाट बिजुली प्रवाह गर्नेछ। प्राधिकरणले दुधकोशी जलाशयको बिजुली प्रवाहका लागि ९१ किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ। सो प्रसारण लाइनले ६०० मेगावाट बिजुली प्रवाह गर्नेछ। उत्तरी छिमेकी देशसँग नेपालको प्रसारण प्रणाली जोड्ने गरी प्रस्ताव गरिएको ८० किलोमिटर लामो रातमाटे-रसुवागढी ४०० केभी क्षमताको



प्रसारण लाइनको अध्ययन अन्तिम चरणमा पुगेको छ। नेपाल र चीनबीच विद्युत आदान प्रदानका लागि महत्वपूर्ण मानिएको सो प्रसारण लाइनको अध्ययनको काम अन्तिम चरणमा पुगेको सम्बन्धित आयोजनाले जनाएको छ।

प्राधिकरणले नै बुढीगण्डकी करिडोरमा ८५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रस्ताव गर्दै अध्ययन गरिरहेको छ। तिङ्ला हबदेखि ढल्केबरसम्म १५५ किलोमिटर, दमौली, कुश्मा बुर्तीबाङ हुँदै रुकुमको बाफीकोटसम्म २०५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइनको अध्ययन भइरहेको छ। यी सबै प्रसारण लाइनले दुई हजार ५०० मेगावाटका दरले बिजुली प्रसारण गर्नेछन्। प्राधिकरणले नै अध्ययनको काम गरिरहेको अन्य आयोजनामा न्यू बुटवल कोहलपुर १५० किलोमिटर र दोधारा-दैजी ९३ किलोमिटर लामो प्रसारण लाइन छन्। ती आयोजनाले एक हजार ९३३ मेगावाट बिजुली बोक्नेछन्। सरकारी स्वामित्वको विद्युत उत्पादन कम्पनीले फुकोट कर्णाली र किमाथाङ्का अरुणमा ४०० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रस्ताव गरेको छ। प्राधिकरणको सहायक कम्पनीमार्फत अगाडि बढाइएको माथिल्लो अरुणको विद्युत गृहदेखि ६.५ किलोमिटर लामो प्रसारण लाइन निर्माणको पनि अध्ययन भइरहेको छ। प्राधिकरणले नै लमही-छिन्चु ९४ किलोमिटर, सितलपाटी-इनरुवा १३० किलोमिटर तथा अरुण हबदेखि दुधकोशी ११५ किलोमिटर लामो प्रसारण लाइन निर्माणका लागि आवश्यक प्राविधिक अध्ययन गरिरहेको छ। ती प्रसारण लाइनले चार हजार ४०० मेगावाटसम्म बिजुली प्रसारण गर्नेछन्। राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले बझाङ पश्चिम सेती ७२ किलोमिटर र पश्चिम सेती- दोधारा १५५ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ। ती आयोजना पनि अध्ययनका विभिन्न चरणमा छन्। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार उत्तर दक्षिण करिडोरमा उच्च क्षमताका प्रसारण लाइन निर्माणको कामलाई रणनीतिकरूपमा अगाडि बढाइएको छ। काठमाडौंको नाङ्लेभारेदेखि नुवाकोट रातमाटे हुँदै बुटवल पुग्ने ३१२ किलोमिटर लामो प्रसारण लाइन निर्माणमा जटिलता उत्पन्न भएको छ। सो परियोजनामा अमेरिकी सहयोग रहनेछ। एमसिसीको सहयोगमा अगाडि बढाउन लागिएको आयोजना राजनीतिक चक्रव्यूहमा फसेको छ। तीमध्ये केही उच्च क्षमताका प्रसारण लाइन अध्ययन सकिन लागेका छन् भने केहीको प्रारम्भिक अध्ययनको क्रममा छन्। नेपालमा प्रसारण लाइन निर्माण गर्नु आफैंमा सबैभन्दा चुनौतीपूर्ण काम हो। प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइमा हरेक प्रसारण लाइनको एउटा टावर निर्माण गर्नु नै एउटा आयोजना बराबर हो। नेपालमा विशेषगरी वन क्षेत्रको जग्गा प्रयोग, सरकारी तथा निजी जग्गा प्राप्ति, प्राविधिक तथा अन्य स्थानीय समस्याको जञ्जालमा आयोजनाहरु फसेका छन्। लामो समयदेखि निर्माण शुरु भएका आयोजनाहरु रुग्ण बनिरहेका छन्। काठमाडौं उपत्यकामा नै जग्गा प्राप्तिमा समस्या भएपछि विगत लामो समयदेखि काम हुन नसकेको अवस्था छ। अन्तर्राष्ट्रिय बजारमा लगातार पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएपछि त्यसको प्रभाव नेपालमा पनि परेको छ। देशभित्रै उत्पादन भएको बिजुली खपत गर्नका लागि पनि ठूलादेखि मझौला प्रसारण लाइन निर्माण जरुरी छ। तर, समस्या यति धेरै छ कि, भनिसाध्य छैन्। स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इपान)का अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार सरकारले सहजीकरण गर्नु त परै जाओस् कुनै पनि सहयोग उपलब्ध नहुने अवस्थाका कारण प्रसारण लाइन आयोजनाहरु एक पछि अर्को गर्दै समस्यामा फसिरहेका छन्। विभिन्न सात मन्त्रालय, २३ विभागमा धाउनुपर्ने अवस्थाका कारण आयोजना समयमै सम्पन्न हुन सकेका छैनन्। प्राधिकरणले नै निर्माण गरिरहेका आयोजना समस्यामा फसेका छन्। जलविद्युत आयोजना निर्माण सम्पन्न भई बिजुली उत्पादन गरिसकेको भए पनि प्रसारण लाइन नहुँदा खेर गइरहेको छ। रामेछापको गर्ज्याङ-खिम्तीमा अवस्था यस्तै देखिएको छ।

लामो प्रयासपछि बल्ल सोलु करिडोर प्रसारण लाइन निर्माण प्रक्रिया अगाडि बढेको छ। तर, भरतपुर बर्दघाट खण्डमा दुई वटा टावर निर्माण हुन नसक्दा पूर्वको बिजुली पश्चिम नेपाल पठाउन समस्या भइरहेको प्राधिकरणको भनाइ छ। ऊर्जा मन्त्रालयका सहसचिव मधुप्रसाद भेटुवाल प्रसारण लाइन निर्माणमा देखिएको जटिलतालाई समग्रतामा सम्बोधन गर्ने गरी प्रयास भइरहेको बताउँछन्।

# प्रधानमन्त्री र राजनीतिक दललाई जुरी नेपालले बुझायो ध्यानाकर्षणपत्र

**काठमाडौं/मस**– न्याय तथा अधिकार संस्था-नेपाल (जुरी-नेपाल)ले राजनीतिक दलभित्रै समावेशी चरित्र सुनिश्चित गर्न प्रधानमन्त्री र अन्य राजनीतिक दललाई ध्यानाकर्षण गराएको छ। जुरी नेपालले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर 'राजनीतिमा महिला सहभागिताः चुनौती, समाधान र भावी रणनीति' विषयक अध्ययन प्रतिवेदनसहितको ज्ञापनपत्र मार्फत ध्यानाकर्षण गराएको हो। प्रधानमन्त्री देउवालाई बुझाइएको ध्यानाकर्षण पत्रमा अन्तर दल तथा आन्तरिक रुपमा छलफल तथा विभिन्न कार्यक्रमहरु जस्तैः राजनैतिक प्रशिक्षण, कानूनी प्रशिक्षण र जागरण मार्फत दक्षता विकास गरी दक्ष तथा कुशल प्रतिनिधित्वको सुनिश्चितता गर्न माग गरेको छ। ज्ञापन पत्रमा भनिएको छ, 'नेपालको संविधानको धारा ३८ (४) बमोजिम राज्यका हरेक निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने कुराको सुनिश्चितता गरेता पनि अभ्यासमा त्यसो हुन सकेको छैन।

अधिकांश राजनीतिक दलहरुको अधिवेशन चलिरहेको तथा स्थानीय तह, प्रदेश सभा र संघीय संसदको आसन्न निर्वाचनको सन्दर्भमा सरकार तथा सबै राजनीतिक दलहरुले संविधानमा भएका उक्त महत्वपूर्ण व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आजको आवश्यकता हो।'

जुरी नेपालले नेपालको संविधान, प्रचलित कानून, नेपाल पक्ष भएका विभिन्न अन्तराष्ट्रिय महासन्धीहरु समेतले लैङ्गिक समानता र लैङ्गिक न्यायको परिकल्पना गर्दै नेतृत्व तहमा महिलाको अर्थपूर्ण सहभागीता सुनिश्चित हुनुपर्ने सम्बन्धमा विशेष जोड दिएको बताएको छ।

ज्ञापन पत्रमा स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्षसहित वडाध्यक्ष, प्रदेश सभाका सदस्य तथा संघीय संसदको निर्वाचनमा राजनीतिक दलले प्रत्यक्ष निर्वाचनतर्फ उमेद्वार चयन गर्दा नै ५० प्रतिशत महिलालाई उमेद्वार बनाउनु पर्ने, प्रतिबद्धता अनुरुप दलहरुको आन्तरिक र भातृ संगठनहरुको विभिन्न संरचना भित्रपनि निर्णायक तहमा महिला लगायत दलित, अपांग, जनजाती, अन्य लैंगिक पहिचान भएका समूहहरुको समानुपातिक सहभागिता सुनिश्चित हुनुपर्ने, आगामी निर्वाचन वा अन्य नियुक्तिहरुमा पुरुष तथा ठूलाबडाको संरक्षण र सिफारिसमा भन्दा पनि राजनैतिक रुपमा सक्रिय रहेका योग्य महिलालाई उपयुक्त जिम्मेवारी दिइनुपर्ने माग गरेको छ। यस्तै महिला सदस्यलाई कुनै नयाँ नेतृत्व र जिम्मेवारी प्रदान गर्नुपूर्व नै सोका लागि आवश्यक तालिम, ऐन, नियम, नीतिगत



व्यवस्था र राजनैतिक प्रशिक्षण दिनुपर्ने, आन्तरिक र अन्तरपार्टी महिला कार्यकर्ता क्षमता विकास प्रशिक्षण कार्यक्रम संचालन गर्नुपर्ने, पछाडी परेका वर्गका महिलाको लागि थप कार्यक्रम ल्याउनुपर्ने, राजनीतिक दलमा रहेका महिलाको समस्याका बारेमा नियमित छलफल गर्ने विशेष फोरमको व्यवस्था गर्नुपर्ने र राजनीतिक दलहरु लैंगिकमैत्री हुनुपर्ने र महिलालाई नेताको रुपमा स्वीकार गर्ने वातावरण तथा आचरणको विकास गरिनुपर्ने जुरी नेपालले माग गरेको छ। दलगत रुपमा जुनसुकै पार्टीसंग आबद्धता भएपनि महिलाको मुद्दामा एकजुट र गोलबद्ध हुनुपर्ने, राजनितिक रुपले अगाडी ल्याउन अग्रज महिला नेतृबाट नयाँ पुस्तालाई पुस्तान्तरण र सिकाउने वातावरण पार्टीगत रुपमानै सुनिश्चित गर्न पनि जुरी नेपालले आग्रह गरेको छ। जुरी नेपालका अध्यक्ष, अधिवक्ता श्यामकुमार विश्वकर्मा र नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका राष्ट्रिय अध्यक्ष, अधिवक्ता त्रिलोक चन्द विश्वास वि.क.ले अध्ययन प्रतिवेदन र प्रेस विज्ञप्ति संयुक्त रुपमा प्रधानमन्त्रीलाई हस्तान्तरण गरेका थिए।

साथै अधिवक्ता शर्मिला श्रेष्ठले अध्ययनको औचित्य र निश्कर्षमाथि तथा जुरी नेपालका कार्यकारी निर्देशक अधिवक्ता मोहनलाल आर्चायले ज्ञापनपत्रमा समावेश सुझावका बारेमा प्रकाश पारेका थिए।

उक्त टोलीमा जुरी-नेपालका कार्यकारी निर्देशक अधिवक्ता मोहनलाल आर्चाय, सबैका लागि न्यायका अध्यक्ष अधिवक्ता शर्मिला श्रेष्ठ, नेशनल दलित लयर्स फोरमका कोषाध्यक्ष अधिवक्ता बालमाया विश्वकर्मा, जुरी-नेपालका कार्यक्रम व्यवस्थापक अधिवक्ता विष्णु प्रसाद पोखरेल, जुरी-नेपालका परियोजना व्यवस्थापक अनिता भुजेल, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका राष्ट्रिय व्यवस्थापक एवं अधिकारकर्मी दुर्जमान तमाङ र अधिवक्ता सुनिल श्रेष्ठ लगायत उपस्थित थिए। यस्तै जुरी नेपालले जुरी नेपालले सत्तारुढ नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीलाई अध्ययन प्रतिवेदनसहितको ज्ञापनपत्र मार्फत ध्यानाकर्षण गराइ सकेको छ।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. २००२/०९/०२

स्वर्गारोहण मिति
वि.स. २०७८/०७/१६

स्व. प्रेमकुमारी आचार्य

हाम्रो शुभेच्छुक, पर्फेक्ट रिक्रुटिङ्ग प्रा.लि.का संचालक/प्रवन्धक निर्देशक श्री विष्णुप्रसाद आचार्यको ममतामयी
**आमा प्रेमकुमारी आचार्यको**
शंकरनगर, तिलोत्तमा न.पा. ३, बुटवलमा असामयिक निधन भएको आज १२ औं दिनको पुण्य तिथिमा स्वर्गीय आचार्यप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद् घडीमा शोक, सन्तप्त परिवार जनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

सीतादेवी श्रेष्ठ
प्रकाशक

मदनकुमार श्रेष्ठ
सम्पादक

तथा
मध्यान्ह दैनिक
परिवार

**रामेछाप नगरपालिका फोहोरमैला संकलन तथा व्यवस्थापन (Dumping Site) आयोजनाको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम**

प्रथम पटक प्रकाशित मितिः २०७८/०७/२७

बाग्मती प्रदेश, रामेछाप जिल्ला रामेछाप नगरपालिकामा रामेछाप नगरपालिकाद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| **प्रस्तावको नाम र ठेगानाः** | **प्रस्तावकको नाम र ठेगानाः** |
|---|---|
| **रामेछाप नगरपालिका फोहोरमैला संकलन तथा व्यवस्थापन (Dumping Site) आयोजना**<br>बाग्मती प्रदेश<br>रामेछाप जिल्ला<br>रामेछाप नगरपालिका वडा नं. ८ | **रामेछाप नगरपालिका**<br>**नगर कार्यपालिकाको कार्यालय**<br>ठेगानाः रामेछाप<br>फोन नंः ०४८-४०००१२<br>ई-मेलः ramechhapmun@gmail.com |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित गाउँपालिका, नगरपालिका अन्तर्गत सरकारी तथा गैर सरकारी संघ-संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवं सरोकारवालालाई निम्न मिति समय तथा स्थानमा उपस्थित भई अमुल्य राय सुझाव तथा प्रतिकृया दिनका लागि हार्दिक अनरोध गरिन्छ।

| स्थान | मिति | समय |
|---|---|---|
| रामेछाप नगरपालिका वडा नं. ८ को कार्यालय, रामेछाप। | २०७८/०७/२९ | बिहान ११:०० बजे। |

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति सुन्दैन त्यो।।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति
वि.स. २००२/०९/०२

स्वर्गारोहण मिति
वि.स. २०७८/०७/१६

स्व. प्रेमकुमारी आचार्य

हाम्रो यस प्रा.लि.का संचालक/प्रवन्धक निर्देशक श्री विष्णुप्रसाद आचार्यको ममतामयी आमा
**प्रेमकुमारी आचार्य**
को शंकरनगर, तिलोत्तमा न.पा. ३, बुटवलमा असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद् घडिमा परिवारजन, इष्टमित्र, बन्धु वान्धवमा धैर्य धारण गर्न सक्ने शक्ति भगवानबाट प्राप्त होस् साथै दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै स्वर्गमा बास होस् भनी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**पर्फेक्ट रिक्रुटिङ्ग सर्भिस प्रा.लि.**
परिवार

## कथा

# परम्परा

‘शरद के हामी दुबै जनाले हाम्रो यो जीवन आफ्नै ढंगबाट बाँच्न सक्दैनौ ?’ उजेली मलिन र भाबुक हुँदै भन्छे । ‘सक्किन्छ तर, आजको रुढिवादी संस्कारले हामीलाई हाम्रो परिवारलाई मात्रै होइन हामीबाट जन्मिने हाम्रा बालबच्चालाई समेत जातिय रणभूमिमा डोराउनेछ । त्यसैले माया त्याग र बलिदानको स्रोत हो उजेली !’ शरदले उजेलीलाई उत्तर दिँदै भन्छ ।



■ सुरेशकुमार पाण्डे

‘कहाँसम्म पुग्यो तेरो माया ?’ रमेशले गिज्याउने पाराले सोध्यो ।

‘खै दाई, के माया प्रिति भन्ने !’ शरदले निरास हुँदै भन्छ ।

हिँजो आज क्याम्पसको छुट्टि भएकोले धेरै दिनपछि यिनि दुबैको भेट भएको थियो ।

‘होइन, मलाई ढाँट्नु पर्दैन ! तेरो त्यो उजेलीसँग लब परेको जताततै हल्ला छ ।’ रमेशले फेरि व्यंग्य कस्छ ।

‘छाड्नुस् दाई ! कहाँ उजेली बाहुन कि छोरी, कहाँ म सुनारको छोरा । दलित र बाहुनको बिचमा भएको माया प्रिती पनि फलिफाप हुन्छ र ? हाम्रो बिचमा त त्यस्तो छैन, मात्रै हामीले सँगै पढ्दा साथिको नाता छ !’ शरदले भन्छ ।

‘मलाई सबै थाहा छ, त डरपोक र कायर पनि छस् भन्ने पनि थाहा छ’ भन्दै रमेशले शरदलाई मच्चाउने प्रयत्न गर्छ ।

‘के दलित मान्छे हुँदैनन् ? तैँले हामीलाई ईसारा मात्रै गर हामीले त्यसको घरमै गएर उठाएर ल्याईदिन्छौँ बुझिस् !’ रमेशले आफू ठूलो बलवान भएको देखाउन खोज्छ ।

शरद एउटा ज्ञानी अनुभवी, होनहार विद्यार्थी हो । उस्को विचार सामाजिक र प्रगतिशिल प्रकारको छ । उ लामो समयदेखि समाजमा जरा गाडेर बसेको कुरितीसँग लड्दै भिड्दै आएको व्यक्ति पनि हो ।

‘रमेश दाइ, यसरी कसैको अधिकारलाई हनन् गरेर मलाई आफ्नो घर बसाउनु छैन । जबर्जस्तीले कसैको घर बन्दैन,’-शरदले उस्लाई सम्झाउने प्रयत्न गर्छ ।

उसलाई थाहा छ विवाह सामान्य विषय होइन भन्ने । त्यसैले कम्तिमा दुबै परिवारको सहमति हुनुपर्छ भन्ने उसले बुझेको छ ।

‘शरद अधिकार मागेर हुँदैन खोस्न सक्नु पर्छ’ रमेशले फेरि उस्लाई मच्चाउने प्रयत्न गर्छ ।

शरदको बुझाईअनुसार अन्तरजातिय विवाह गर्नु कत्ति ठुलो कुरा होइन बरु विवाह गरी सकेपछि बल्ल संघर्ष सुरु हुन्छ । त्यो संघर्ष दुईजनाले मात्र होइन दुईटै परिवारले बर्तमान मनुवादी संस्कारको विरुद्धमा जीवनभरी संघर्ष गर्नुपर्छ । त्यो मात्रै होइन दुबैबाट जन्मिएको सन्तानहरु समेतले निरन्तर संघर्ष गर्नुपर्छ भन्ने बारे शरदले बुझेको थियो ।

उ कत्ति आवेगमा आउँदैन ! ‘हुन्छ दाइ, हजुरलाई नभनेर कस्लाई भन्ने ?’ रमेशको कुरा सुनेपछि यत्ति भन्दै अगाडि बढ्छ शरद ।

उता उजेलीको घरमा कसैले कुरा लगाएर नारादमणि रिसले आगो भएका छन् । हिजो एकजनाले ‘नाराद तिमी बाहुन भएर आफ्नो रितीथितिमा बस्नुपर्छ । आफ्ना छोरा-छोरीलाई दलितहरुको संगत गर्न दिनु हुँदैन । नत्र हामी तिम्रो घरको पानीसमेत बार्ने छौं !’ भन्दै गर्जिएको उजेलीले लुकेर सुनेकी थिई । त्यो व्यक्ति फर्किएपछि उजेलीको बा-आमाले उजेलीलाई बोलाएर ‘अबदेखि तँ त्यो केटासँग हिँडेको देख्यौं भने तेरा खुट्टा भाचिँदिन्छौ ।’ भन्दै धम्काएका थिए । उजेली नबोली-नबोली ‘हुन्छ’ भन्दै मन्टो हल्लाउँदै निस्कि ।

उजेली र शरदले एउटै क्याम्पसमा पढ्थे । उनीहरु पढाईमा अनुशासनमा अब्बल थिए । उनीहरुको बिचमा दोस्ती मात्रै छ भनेपनि भित्र-भित्रै माया बढ्दै गएको थियो । उनीहरुको बन जाँदा, ग्वाला जाँदा अनि क्याम्पस जाँदा एउटै बाटो थियो, भेट घाट त प्रायः दिनहुँ हुन्थ्यो ।

दिउँसो ग्वाला गएको बेला फेरि भेट भयो । उनीहरु अरुका आँखा छलेर एउटा रुखको ओतमा बसे । ‘उजेली अब हामी भेटघाट नभएको जाती हुन्छ’, शरदले गम्भिर हुँदै भन्छ, उस्को मुहार आज अलि मलिन थियो । ‘तिम्रो हाम्रो बिचमा साथित्वको सम्बन्ध छ त्यो हामीलाई थाहा छ तर, तिम्रो हाम्रो विषयलाई मुद्दा बनाएर हाम्रा दुश्मनहरुले यस्लाई जातिय रंगमा घोल्दैछन् । हाम्रा परिवारहरुलाई भड्काउँदैछन् ।’ शरदले उजेलीलाई जानकारी गराउँदै थप्छ ।

‘शरद के हामी दुबै जनाले हाम्रो यो जीवन आफ्नै ढंगबाट बाँच्न सक्दैनौ ?’ उजेली मलिन र भाबुक हुँदै भन्छे ।

‘सक्किन्छ तर, आजको रुढिवादी संस्कारले हामीलाई हाम्रो परिवारलाई मात्रै होइन हामीबाट जन्मिने हाम्रा बालबच्चालाई समेत जातिय रणभूमिमा डोराउनेछ । त्यसैले माया त्याग र बलिदानको स्रोत हो उजेली !’ शरदले उजेलीलाई उत्तर दिँदै भन्छ ।

‘साँचो प्रेम गर्नेले एक अर्कालाई मरेको होइन जीवित अनि सुखी र खुसी रहेको देख्न खोज्छन् ।’ शरदले फेरि थप्छ ।

उजेली शरदका कुरा सुनेर भाबुक हुन्छे । उसका दुबै आँखाको डिलबाट मोतीजस्तै आँशुका डल्ला तप-तप खस्छन् ।

शरदले उजेलीतिर हेर्दै भन्यो, ‘मलाई थाहा थिएन तिमि यति धेरै कमजोर छौ भन्ने, यो बेला रोएर होइन आँखामा ज्वाला बालेर समाजसँग लड्न सक्किन्छ । आफ्ना आँसु आफै पुछ !’

उजेलीले केहि नबोली पछ्यौरीले आफ्नो आँसु पुच्छे ।

बातावरण शान्त थियो । बिस्तारै चिसो बतास चलेको महशुस हुन्थ्यो ।

‘उजेली माया भनेको त्याग हो । हामीले टाढा रहेर पनि एक अर्कालाई सम्मान गर्न सक्छौं ।’ शरदले भन्छ ।

शरदको कुरा सुनेर उजेलीले झन माया गर्न थाल्छे शरदलाई । उस्को सम्मान र उच्च आदर गर्छे । उसलाई लाग्छ शरद जस्तो जीवनसाथी उसले कहिल्यै पाउने छैन ।

दुबै विचारधारामा प्रगतिशिल थिए । कयौं पटक उनीहरुले प्रगतिशिल बिहेपनि गराएकै हुन् । तर आज आफ्नै बिचमा यो सामाज जातिय पर्खाल बनेर ठडिएको थियो ।

‘शरद हामीले सधै समानताको पक्षमा आवाज उठायौं । आज आफ्नो पालो आएपछि यसरी पछि हट्दा हामीलाई कायर भन्छन् अरुले । के यो बेला हामीलाई पछि हट्न ठिक होला ?’ उजेलीले भन्छे ।

एकछिन वातावरण चकमन्न हुन्छ । सायद शरदले यसको उत्तर आफूभित्र खोज्दै थियो ।

‘के हामीले जातिय विवाह गर्दा बित्तिकै समाजभित्र समानता आउँछ ?’ शरदले उजेलीसँग प्रश्न गर्छ ।

‘आउँदैन तर, समानताको शुरुवात त पक्कै हुन्छ ।’ उजेलीले सटिकमा उत्तर दिन्छे ।

‘दलित-दलितको बिचमा बिभेद छ । बाहुन-बाहुनको बिचमा विभेद छ । सामाजिक कण-कणमा असमानता छ । मैंले भन्छु, हामीले समाजलाई हाम्रो विवाहको लागि राजी गर्न नसकेपनि हाम्रो र तिम्रो परिवारलाई तयार गराउँ । मैंले भागेर होइन तिम्रो हात मागेर जीवनसाथि बनाउन चाहान्छु ।’, शरदले भन्छ ।

‘हामीले आजबाट कार्यविभाजन गरौं मान्छ्यौं ?’, शरदले सोध्छ ।

‘मान्छु’ उजेलीले भन्छे र समर्थनमा टाउको हल्लाउँछे ।

‘तिमीले तिम्रो परिवारलाई तयार बनाउ विवाहका लागि, मैंले आफ्नो परिवारलाई तैयार पार्छु । जब हामी दुबैको परिवार रजामन्दि हुन्छन्, हामीले तबमात्र विवाह गरौंला ।’ यत्ति भनेर सरदले कुराको बिट मार्छ । दुबैले यो जटिल कामको जिम्मा लिएर बिदा हुन्छन् ।



■ ■ ■

‘के हामीले जातिय विवाह गर्दा बित्तिकै समाजभित्र समानता आउँछ ?’ शरदले उजेलीसँग प्रश्न गर्छ । ‘आउँदैन तर, समानताको शुरुवात त पक्कै हुन्छ ।’ उजेलीले सटिकमा उत्तर दिन्छे । ‘दलित-दलितको बिचमा विभेद छ । बाहुन-बाहुनको बिचमा विभेद छ । सामाजिक कण-कणमा असमानता छ । मैंले भन्छु, हामीले समाजलाई हाम्रो विवाहको लागि राजी गर्न नसकेपनि हाम्रो र तिम्रो परिवारलाई तयार गराउँ । मैंले भागेर होइन तिम्रो हात मागेर जीवनसाथि बनाउन चाहान्छु ।’, शरदले भन्छ ।

■ ■ ■

## लघुकथा

यश घिमिरे



# उ, उनी र उसको

म बिदा हुने तरखर गर्दै थिएँ, ठुली छोरीले पछाडिबाट आएर बिस्तारै मेरो हात समाइन् । आठ वर्षको बच्चीको कलिलो हात समाएर डोहोर्‍याउँदै घरदेखि करिव ५० मिटरको मूल बाटो नजिक पुग्न लाग्दा उनले भनिन्- ‘अंकल.., बाबालाइ भन्दिनु है हामीलाई नबिर्सनु रे भनेर !’ मन भावुक भएर आयो । जडवत उभिएर उनको अनुहार हेर्न थालेँ । उनी पनि उसैगरि मुन्टो उठाएर मलाई नै टुलुटुलु हेर्दै थिइन् । बिस्तारै घुँडा टेकेर उनलाई केही बेर अँगालोमा बाधेँ । अनि केही नबोली फटाफट बाटो लागेँ ।

‘था’ पाउनु भयो ? सन्ध्या र सुरज दाइको त विवाह हुने भयो नि.. यही महिनाभित्र ।

टेलिफोनमा बिहानै आएको यो खबरले एकछिन वाल्ल परेँ । निर्मला चहकिएर भन्दै थिइ- ‘उनीहरूको जोडी मैले मिलाइदेको त हो’नि ! हेर्नु त दाइ, कस्तो गाढा प्रेम ! ‘३-३ वर्ष ढुकुरको जोडीझैँ कहिल्यै छुट्टिएनन्’ एक अर्कालाई पूर्ण भरोसा गरे । आज आएर आफ्नो प्रेम सफल बनाइछोडे । यसको श्रेय मलाई दिएका छन् । मैले त हो नि सुरुमा यी दुईलाई भेटघाट गराइदे’को ।’

‘सन्ध्या पनि विवाहित होइन र ?’- मैले असमञ्जसका साथ सोधेँ ।

‘हो‘ एउटा ६ वर्षको छोरो छ । छोरोलाई मै राख्छु भनेर सन्ध्याको बुढाले भन्यो रे ‘यहाँ एम्बेसीमार्फत डिभोर्स दिन ढिला हुने भएकोले उ एक हफ्ताअगाडि नै नेपाल गैसकेकी रहिछे । डिभोर्स गरेर आएपछि तुरुन्तै बिहे गर्ने रे‘ हिजो सुरज दाइले भन्नु’भाको‘ उहाँको पनि २-३ महिनापहिल्यै श्रीमतीसँग डिभोर्स भैसक्या रैछ ।’

सन्ध्यालाई त म त्यति राम्रोसँग चिन्दिनथिएँ तर सुरजको परिवारलाई भने एकदम राम्रोसँग चिन्दछु । अनायासै उसको बाँसको मुनाजस्ता कल्कलाउँदा दुई छोरीहरू आँखामा झल्झली नाच्न थाले । ६ महिनापहिले नेपाल जाँदा छिमेकी गाउँको सुरजको घरमा एकपल्ट भेटघाटको लागि पुगेको थिएँ । २ प्याकेट क्याडबरी चक्लेट देख्दा पनि बच्चाहरूमा खासै उल्लास नदेखेर त्यही बेलामा हल्का अचम्म लागेको थियो ।

‘भाउजु ! सुरजजीले चक्लेटैचकलेट पठाइदिनुहुन्छ कि क्याहो विदेशबाट ? नानीहरूमा चकलेटप्रति खासै उत्साह देखिन त !’ थोरै मुस्कुराउँदै सोधेँ ।

उहाँ सुरुवातदेखि नै यसै गम्भीर देखिनुहुन्थ्यो झन् मेरो सोधाइले आँखाको तेज नै फुङ्ग उड्या’जस्तो महशुस गरेँ । तापनि ओठमा कृत्रिम हाँसो जबर्जस्ती ल्याएर भन्नुभयो- ‘त्यस्तो त होइन बाबु‘ खोइ किन हो कुन्नी यिनीहरू अरु बच्चाजसरी गुलियोमा झुम्मिदैनन् .. तर मनै नपराउने भने होइन ।’

चियाबिस्कुट खाँदै करिब आधा घण्टा त्यहाँ बिताए । भाउजुमा आएको अत्यधिक गम्भीरपनले मलाई असहज महशुस भैरहेको थियो । मुखै फोरेर सोधेँ- ‘हजुर पहिला-पहिला यस्ती त हुनुहुन्थेन भाउजु‘ आजकाल किन यस्तो गम्भीर हुनुभएको ? इज एव्री थिङ अल राइट ?’

ओठहरू हल्का कामेको देखेँ । छुट्याउन नसकिने भाव उहाँको अनुहारमा तैरियो । केही भन्नु र नभन्नुको दोसाँधमा आफूलाई सहज पार्ने प्रयत्न गर्दै भन्नुभयो-

‘नो, नो ! एभ्री थिङ इज अल राइट । यही बच्चाहरू भन्यो, घर-ब्यवहार भन्यो, अनि बोर्डिङको जागीर ‘ यी सबैले मलाई असमयमै बुढी बनायो भन्या ‘ पैला जस्तो हाँस्नै बिर्सिसकेँ !’

हाउभाउ र गफगराइको तरिका देखेर बुझ्न गाह्रो भएन कि उहाँ केही कुरा लुकाउँदै हुनुहुन्छ तैपनि वातावरणलाई सहज बनाउने हिसाबले ठट्टा गर्दै भनेँ-

‘यो त भएन है भाउजु, उता सुरजजी झन्-झन् ह्यान्डसम हुँदै जानुभएको छ । तपाईं पनि आफूलाई मानसिक र शारीरिक रुपमा फिट राख्नु होला । कमसेकम उहाँ नेपाल आउँदा मिल्ने जोडी त देखिनु पर्‍यो !’

